प्रस्ताव नं.६:

गत आ.ब. मा खर्च हुन नसकेको बचत बजेट बाँड फाँड सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोरा:

गत आ. मा विभिन्न शिर्षकमा खर्च हुन नसकि बाँड फाँड नभएको बचत हुन गएको रु १ करोड १८ लाख रकमलाई विभिन्न योजना तथा कार्यक्रममा बाडफाड गर्नु पर्ने ।

हुनुपर्ने निर्णय:

उपर्युक्त रकमलाई तपसिल बमोजिमका अत्यावश्यक कार्यक्रम तथा आयोजनामा विनियोजन गरि गाउँ सभाबाट अनुमोदन गर्नुपर्ने ।

तपसिल:

१. अघिल्लो कार्यपालिका बैठकबाट निर्णय भएको विभिन्न बाटोहरु मर्मतका लागि छुट्याइएको रु १४ लाख
२. गाउँपालिकाको समग्र बिकासका लागि स्पष्ट नीति आवस्यक भएकोले बिशेषज्ञहरुको सेवाबाट आवधिक योजना निर्माणका लागि रु १२ लाख
३. गाउँपालिकामा बनेका र बन्ने सडकहरुको विकासका लागि विशेषज्ञहरुको सेवाबाट यातायात गुरुयोजना निर्माण गर्नुपर्ने भएकाले सो कार्यका लागि रु १२ लाख
४. विभिन्न सडक र गाउँपालिका भवन निर्माणका लागि विशेषज्ञहरुको सेवाबाट बिस्तृत परियोजना प्रस्ताव (DPR) तयार गर्न रु १० लाख ।
५. गाउँपालिकाको आन्तरिक आय वृद्धिका लागि स्थानीय श्रोत साधनको उपयोगमा जोड दिन यस गाउँपालिकाका विभिन्न खोलाहरुको विशेषज्ञद्वारा IEE गरी नदिजन्य पदार्थ उत्खननबाट आन्तरिक आय वृद्धि गर्नु पर्ने भएकाले सो कार्यका लागि रु ५ लाख ।
६. गाउँपालिकाको तथ्यांकलाई भरपर्दो र व्यवस्थित बनाउन गाउँपालिका पार्श्वचित्र सुधार गर्नु पर्ने भएकाले सो कार्यका लागि रु ३ लाख ।
७. विभिन्न समयमा गाउँपालिका क्षेत्रमा आउन सक्ने समस्यालाई सम्बोधन गर्न भैपरि आउने पूजिगत खर्चका लागि रु १५ लाख ।
८. अन्य आयोजना

निर्णय:

प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

प्रस्ताव नं.७:

विभिन्न शिर्षकको बजेट संसोधन सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोरा:

बिभिन्न शिर्षक तथा क्षेत्रको बजेट संसोधन तथा कार्यक्रम स्वीकृत गरि गाउँसभाबाट अनुमोदन गराउनु पर्ने,

हुनुपर्ने निर्णय:

क) संशोधन

१. स्वास्थ्य